# आर्थिक वर्ष २०८३/०८४ को
# आय तथा व्ययको अनुमान
# बजेट वक्तव्य

**स्थानीय सरकार**
**आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**
**२०८३**

मिति २०८३ साल असार १० गते बुधबार नगर सभाको बैठकमा
नगर उप प्रमुख श्री धनकुमारी शाहीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

स्थानीय सरकार
आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०८३

**आठविसकोट नगर सभाका सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानिपूर्ण संघर्ष, महान जनयुद्ध, जनआन्दोलन, नवयुवा (जेन-जी) आन्दोलन लगाएत विभिन्न समयमा भएका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वभीमानी नेपाली जनताको तागतमा संविधान सभाबाट निर्मित नेपालको संविधान अनुसार गठित यस आठविसकोट नगरपालिकाको जननिर्वाचित जनप्रतिनिधिहरुको सार्वभौम थलो यस नगरसभामा आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को **बजेट तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भएको छ।

२. यस अवसरमा विभिन्न लोकतान्त्रिक गणतन्त्र, संघियता, समावेशिता, सामाजिक न्याय सहितको सुशासन तथा समृद्धि प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान शहिदहरुको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते, अपाङ्गता भएका व्यक्ति र वेपत्ता योद्वा तथा सहिद परिवारजन प्रति श्रद्धभाव प्रकट गर्दछु । साथै आन्दोलनमा स्वाभिमानपूर्वक सहभागि भै योग्दान गर्नुहुने व्यक्तित्वहरुको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३. साधन स्रोत सिमित छन् आवश्यकताहरु असिमित छन्, गरिबी, अभाब र बेरोजगारी संग जुधिरहेको आठविसकोट नगरपालिकाले पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न कारण देशमा देखा परेको आर्थिक मन्दिको पनि सामना गर्नु परेको अवस्था छ। सिमित स्रोत साधनमा तथा बजेटले हाम्रा सबै आवश्यकता,योजना र कार्यक्रम पूर्ण सम्बोधन गर्न सक्दैन। उत्पादन मार्फत रोजगारी सिर्जना र गरिबिको अन्त्य गर्दै जनजिविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौ। भुकम्प पछिको पुन:निर्माण, शिक्षा तथा स्वास्थ्य, कृषि, पर्यटन पूर्वाधार, उत्पादन र रोजगारी तथा सुशासन प्रवर्धन दिशातर्फ आगामी आर्थिक वर्षको **बजेट तथा कार्यक्रम** लक्षित गरेको छु।

४. यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हकहरु, नीति निर्देशक सिद्वान्तहरु, नेपाल सरकारको १६ औं योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, नेपालले अन्तराट्रिय मञ्चमा राखेका प्रतिवद्वताहरु, आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८३ को सिद्वान्त, उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरु, नगरवासी, विभिन्न संघसंस्था, नगरपालिकाभित्र क्रियाशील राजनैतिक दलहरुबाट प्राप्त प्रमुख सुझावहरुलाई समेत यस बजेट तथा कार्यक्रमको मार्गदर्शन र प्रमुख आधार बनाएको छु।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु,**

**अब म, आठविसकोट नगरपालिकाको चालु आ.व. २०८२/०८३ को खर्च प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु।**

५. चालु आ.व. २०८२/०८३ मा रू. ७५ करोड ६ लाख ५५ हजार १ सय ५८ विनियोजन गरिएकोमा हालसम्म स्रोतगत शिर्षक र क्षेत्रगत कार्यक्रममा जम्मा खर्च रु ५१ करोड ५७ लाख ६९ हजार ३ सय ९६ रुपैया मात्र अर्थात ६८.७० प्रतिशत खर्च भएको छ। जसमा चालुतर्फ ५० करोड ३३ लाख २७ हजार ३ सय ६८ रुपैंया अर्थात ६८.७१ प्रतिशत विनियोजन गरिएकोमा ३८ करोड ८६ लाख २६ हजार ४ सय ३१ रुपैया अर्थात ७७.२१ प्रतिशत खर्च भएको छ। पूँजीगत तर्फ २४ करोड ७३ लाख २७ हजार ७ सय ३० रुपैया अर्थात ३२.९४ प्रतिशत विनियोजन गरिएकोमा हालसम्म १२ करोड ७१ लाख ४२ हजार ९ सय ६५ रुपैया अर्थात ५१.४० प्रतिशत खर्च गरिएको छ। जस अन्तर्गत क्षेत्रगत हिसावले आर्थिक विकासमा २ करोड ९८ लाख ३८ हजार विनियोजन गरिएकोमा १ करोड ८५ लाख २० हजार ७ सय १२ रुपैया अर्थात ६२.०७ प्रतिशत मात्र खर्च गरिएको छ। त्यसै गरी पूर्वाधार विकास तर्फ १४ करोड ८७ लाख ७८ हजार ८ सय ३२ रुपैया विनियोजन गरिएकोमा ७ करोड ७ लाख ४६ हजार ५ सय ७३ रुपैया अर्थात ४७.५५ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सामाजिक विकास तर्फ ३८ करोड ४ लाख २३ हजार ७ सय ३८ रुपैया विनियोजन गरिएकोमा २५ करोड ७० लाख ४४ हजार ९ सय १२ रुपैया अर्थात ६७.५६ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सुशासन तथा

अन्तरसम्बन्धित क्षेत्रतर्फ ६० लाख विनियोजन गरिएकोमा ४४ लाख ९३ हजार ४ सय २४ रुपैया अर्थात ७४.८९ प्रतिशत मात्र खर्च भएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १८ करोड ५६ लाख १४ हजार ५ सय ४१ रुपैया विनियोजन गरिएकोमा १६ करोड ४९ लाख ६३ हजार ७ सय ७६ रुपैया अर्थात ८८.८७ प्रतिशत मात्र खर्च भएको छ ।

६. यस्तै गरी चालु आ.व. मा नगरपालिकाको आन्तरिक राजश्व संकलन ५ करोड ५४ लाख ८४ हजार १ सय २९ रुपैया मात्र हुने संशोधित अनुमान गरिएकोमा २०८३ असार ८ गतेसम्म रु ४ करोड ३५ लाख ३५ हजार ७ सय ४० अर्थात ७८.४६ प्रतिशत राजश्व संकलन भएको छ । चालू आर्थिक वर्षको अन्त्यसम्ममा कुल अनुमानको ८५ प्रतिशत राजश्व संकलन हुने अनुमान गरेको छु ।

७. चालु आर्थिक वर्षमा संघीय सरकारबाट राजश्व बाँडफाँट वापत रु १४ करोड १६ लाख ४७ हजार २८ रुपैया प्राप्त हुने अनुमान गरिएकोमा रु १२ करोड ८ लाख २२ हजार ८८ रुपैया अर्थात ८५.३० प्रतिशत मात्र प्राप्त भएको छ । यसै गरी संघीय सरकारबाट समानीकरण अनुदान अन्तर्गत १२ करोड ७४ लाख प्राप्त हुने अनुमान भएकोमा चालु आ.व.मा ११ करोड ३६ लाख ७२ हजार ३ सय ५० रुपैया अर्थात ९१.४५ प्रतिशत मात्रै प्राप्त भएको छ । यसरी संघीय सरकारबाट अनुमान भन्दा करिब ८.५५ प्रतिशत बजेट कम प्राप्त हुनुका कारण नगरपालिका क्षेत्रमा सञ्चालन/कार्यान्वयन भएका विकास आयोजनाहरुमा दिइने भुक्तानी प्रभावित भएको छ ।

८. चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल विनियोजित बजेटमध्ये प्राप्त हुने बजेटको कुल खर्च ९३ प्रतिशत हुने अनुमान लिएको छु । जसमा चालू तर्फ ९४ प्रतिशत र पूँजीगत तर्फ ९२ प्रतिशत खर्च हुने अनुमान गरेको छु ।

९. ढिलै भए पनि नगरवासीलाई सुरक्षित आवासमा स्थानान्तरण गर्न विस्तृत क्षति आँकलन (DDA) को कार्य अगाडि बढाई हालसम्म ९,५६७ लाभग्राहीको लगत संकलन सम्पन्न भएको छ । जसमध्ये प्रारम्भिक प्रतिवेदन अनुसार ४ हजार ४९ जना लाभग्राही पुनर्निर्माण र ४ सय ७३ जना लाभग्राही प्रवलीकरणको सूचीमा कायम भएका छन् भने सामान्य प्रवलिकरणको सूचिमा २ हजार २ सय लाभग्राही रहेका छन् । बाँकी लाभग्राही प्राविधिक अध्ययन हुन बाँकी रहेको छ । पहिचान भएका लाभग्राहीहरू मध्ये २,६२६ जनाले आवास निर्माणको लागि सम्झौता गरिसकेका छन् ।

१०. भूकम्प प्रभावित लाभग्राहीहरू समयमै पहिचान भैसक्दा पनि समयमै संघिय सरकारबाट बजेट प्राप्त नहुनुले प्रभावित नागरिकहरू विगत ३ वर्षदेखि त्रिपाल तथा अस्थायी टहरामै असुरक्षित र जोखिमपूर्ण रूपमा जीवनयापन गर्न बाध्य छन्, जसका कारण उनीहरूलाई सुरक्षित आवासमा पुनर्स्थापना गर्ने कार्य थप चुनौतीपूर्ण बनेको छ ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु,**

**अब म, आठविसकोट नगरपालिकाको चालु आ.व. २०८२/०८३ को क्षेत्रगत प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।**

## क. आर्थिक विकास

११. नगरपालिकाभित्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै कृषकहरूको आयआर्जन सुधारका लागि मकैको बीउ, तरकारी मिनिकिट र फलफूलका बिरुवा वितरण जस्ता उत्पादनमुखी कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिएका छन्। कृषि पेशालाई थप सम्मानित र मर्यादित बनाउन "**मेयर उत्कृष्ट कृषक पुरस्कार**" तथा योजनाबद्ध विकासका लागि कृषि तथ्याङ्क सङ्कलन कार्य अघि बढाइएको छ। साथै, सामाजिक न्याय र आर्थिक समावेशीकरणको सिद्धान्त अनुरूप युएनडिपी (UNDP) लगायतका वैदेशिक साझेदारी संस्थाहरूको समन्वयमा पछाडि पारिएका, उत्पीडित तथा दलित समुदायको जीविकोपार्जन सुधारका लागि व्यावसायिक मौरीघार वितरण गरी आयआर्जनका अवसरहरू सिर्जना गरिएको छ ।

१२.रासायनिक विषादीको गम्भीर स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न जैविक विषादी प्रयोगमा जोड दिँदै, फलफूल संरक्षणका लागि बोर्डो पेस्ट, उन्नत मकैको बीउ र तरकारी मिनिकिट वितरणका साथै विभिन्न साझेदार संस्थाहरूसँगको सहयोगमा कृषि पोषण सुरक्षा कार्यक्रम गरी कृषकको आयआर्जनमा थप टेवा पुर्याइएको ।

१३.पशु सेवा केन्द्र तथा आभारभुत कृषि तथा पशु सेवा केन्द्रबाट ३१ हजार पशुपंक्षिलाई उपचार सेवा, ३०हजार पि.पि.आर खोप, ६२ कुकुरलाई रेविज विरुद्धको खोप र १०० भन्दा बढि पशुहरुलाई बन्ध्याकरण सेवा दिइएको छ।

**ख. शिक्षा**

१४. यस नगरपालिकामा हाल बालविकास ११ वटा, प्राथमिक तह २८ वटा, निम्न माध्यमिक तह ९ वटा, माध्यमिक तह १८ वटा र संस्थागत विद्यालय २ वटा गरी जम्मा ६८ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूको प्राथमिक तहमा स्वीकृत ८५ र राहत ३५ गरी जम्मा १२० वटा दरबन्दी रहेको छ भने निम्न माध्यमिक तहमा स्वीकृत १२ र राहत १७ गरी जम्मा २९ वटा दरबन्दी रहेको छ। त्यसैगरी माध्यमिक तह (९–१२) मा स्वीकृत ५ र राहत १० गरी जम्मा १५ वटा दरबन्दी, माध्यमिक तह (११–१२) मा जम्मा ४ वटा अनुदान/दरबन्दी र संघीय शिक्षण सिकाइ अनुदान अन्तर्गत गणित, विज्ञान र अंग्रेजी विषयका लागि मा.वि. तर्फ २० र नि.मा.वि. तर्फ १० गरी जम्मा १९९ वटा दरबन्दीमा कार्यरत शिक्षकहरूको तलब व्यवस्थापन संघीय सरकारबाट हुँदै आएको छ। यसका साथै, नगरपालिका क्षेत्र भित्रका ७ वटा विद्यालयहरू वार्षिक रूपमा एकमुष्ठ रु. १० लाख अनुदान प्राप्त गर्ने गरी सञ्चालनमा रहेका छन् ।

१५. भौगोलिक वनावट, विद्यार्थी संख्यालाइ आधार मानि यस पालिकाका विद्यालयमा प्राथमिक तहमा जम्मा ११३, निम्न माध्यमिक तहमा ६७ र माध्यमिक तह (९-१०) ५९, माध्यमिक तह (११-१२) ८ वटा गरि जम्मा अझै २४७ आवश्यक दरबन्दि रहेको शिक्षा तथा मानव स्रोत केन्द्रको सर्वेक्षणले जनाएको छ । उक्त आवश्यक दरबन्दिको व्यवस्थापन अन्य पालिका, जिल्ला, प्रदेशबाट मिलान गरी यस नगरपालिकामा व्यवस्थापन गर्नुपर्ने दायित्व संघिय सरकारको हो तर यसको कार्यान्वयन हुन सकेको छैन ।

१६.संघीय सरकारबाट उक्त दरबन्दीको व्यवस्थापन हुन नसकेपछि यस नगरपालिकाले बाल विकास केन्द्र (बा.वि.के.) मा ३०, प्राथमिक तहमा २६, निम्न माध्यमिक तहमा ६०, माध्यमिक तहमा २३ र प्राविधिक धारतर्फ ४ गरी जम्मा १४३ जना शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरेको छ, जसका लागि पालिका स्वयंले वार्षिक रूपमा कुल रु. ४ करोड २२ लाख बराबरको आर्थिक दायित्व व्यहोर्दै आएको छ ।

१७. शैक्षिक सत्र २०८३ मा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि भए अनुसार यस नगरपालिकामा प्रारम्भिक बाल विकास केन्द्रमा २२८२, प्राथमिक तहमा ५०४३, निम्न माध्यमिक तहमा २९५२, माध्यमिक तह कक्षा ९–१० मा १६१२ र माध्यमिक तह कक्षा ११–१२ मा ४६९ गरी कुल १२,३५८ जना विद्यार्थीहरू अध्ययनरत छन्, जसमध्ये दलित ४,१६२, जनजाति १,४९९ र अपाङ्गता भएका बालबालिकाको संख्या २६ रहेको छ। हाल नगरपालिकामा कक्षा १–५ को खुद भर्नादर ९५.५ प्रतिशत र कक्षा ६–८ को खुद भर्नादर ९३.३ प्रतिशत रहेको छ भने विद्यालय छोड्ने दर ४ प्रतिशत, विद्यार्थी टिकाउदर ७० प्रतिशत र अझै पनि ३ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् ।

१८.आर्थिक वर्ष २०८२/०८३ मा कक्षा ६ र ९ का जम्मा २३६ जना बालबालिकाले वार्षिक रु. ६,००० का दरले विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेका छन्। यसका साथै, सोही अवधिमा १३७२ जना विद्यार्थीले दलित छात्रवृत्ति र १५४० जनाले छात्रा छात्रवृत्ति प्राप्त गरेका छन्। विद्यालय स्वास्थ्य तथा पोषणतर्फ ७,३०९ जना बालबालिकाले दिवा खाजा सुविधा प्राप्त गरेका छन् भने कक्षा ६ देखि १२ सम्मका २५८३ जना छात्राहरूले स्यानिटरी प्याड सुविधा प्राप्त गरेका छन् ।

१९. नगरपालिकामा प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रवर्द्धन गर्न २१ वटा विद्यालयहरूलाई ल्यापटप र प्रिन्टर हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ भने परिलक्षित संस्थाको सहयोगमा यहाँका चारवटा विद्यालयहरूमा अपाङ्गमैत्री कार्यक्रम सञ्चालनका लागि सम्झौता गरिएको छ। साथै, आर्थिक वर्ष २०८२/०८३ मा यस आठबिसकोट नगरपालिकाको समग्र शैक्षिक सुधार तथा व्यवस्थापनका लागि 'दश वर्षे नगर शिक्षा योजना' निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। शैक्षिक उपलब्धीतर्फ हेर्दा, शैक्षिक सत्र २०८२ को नगरस्तरीय परीक्षामा कक्षा ८ को नतिजा ४०.२२ प्रतिशत रहेको छ भने कक्षा १० को नतिजा ८१.५२ प्रतिशत र कक्षा १२ को वार्षिक परीक्षामा ७६.८३ प्रतिशत नतिजा हासिल भएको छ ।

**ग. स्वास्थ्य**

२०. आठबिसकोट नगर अस्पताल र सिस्नेहिमाल माध्यमिक विद्यालय, साझेबगरमा मोतिविन्दु शल्यक्रिया आँखा शिविर सफलतापूर्वक सञ्चालन गरिएको छ । यस विशेष शिविरबाट जम्मा १२० जना सेवाग्राहीहरूले मोतिविन्दुको शल्यक्रियासहितको प्रत्यक्ष स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।

२१. आठबिसकोट नगरपालिकाभित्रका १६ देखि ५९ महिनासम्मका कुल २ हजार १६ जना बालबालिकाहरूले राष्ट्रिय खोप तालिका बमोजिम १५ महिनाको उमेरभित्रै लगाउनुपर्ने सम्पूर्ण खोपको मात्रा पूरा गरेको सुनिश्चित गरिएको छ। सोही आधारमा नगरपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरिनुका साथै यसको दिगोपना सुनिश्चित गर्ने कार्य समेत सम्पन्न भएको छ ।

२२. आठबिसकोट नगरपालिकाका वडाहरू ४, ६, ९, १३ र १४ मा डिजिटल AI एक्सरे प्रविधिद्वारा क्षयरोगको सक्रिय खोजपडताल कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ । यस कार्यक्रम अन्तर्गत स्क्रिनिङ गरिएका नागरिकहरूमध्ये ३ जना नयाँ क्षयरोगी पहिचान गरी हाल उनीहरूलाई नियमित उपचार प्रक्रियामा आवद्ध गराइएको छ ।

विद्यालयमा अध्ययनरत कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका गरी जम्मा ४६० जनालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको (HPV) खोप प्रदान गरिएको छ। यसका साथै, वडा नं. १३ र १४ मा एकीकृत प्रजनन् रुग्णता स्वास्थ्य सेवा शिविर सञ्चालन गरी १६४ जना महिलाहरूको सम्भावित पाठेघरको मुखको क्यान्सर र १६६ जना महिलाहरूको स्तन क्यान्सरको परीक्षण (जाँच) सेवा उपलब्ध गराइएको छ ।

**घ. रोजगार**

२३. आ. व. २०८२/०८३ मा मुख्यमन्त्री रोजगार कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १५ ओटा योजनाहरु कार्यान्वयन भएका छन् । जसमध्ये १५ ओटा कामका लागि पारिश्रमिक शिर्षकमा प्रत्येक वडामा १\१ योजना सम्पन्न भएका छन उक्त योजनाबाट २१६ जना श्रमिकहरुले १० हजार ८ सय दिन रोजगार प्राप्त गरेका छन् ।

२४. यस वर्ष लघु उद्यम विकास कार्यक्रम नयाँ उद्यमी सिर्जना तर्फ अचार, ब्यूटीपार्लर, जुता चप्पल सम्बन्धी तालिम, ५० जनालाई सिप विकास तालिम तथा प्रविधि हस्तान्तर गरिएको छ । साथै सिप तथा व्यवसाय स्तरोन्ती तर्फ बाँसको हस्तकला सामाग्री निर्माण सम्बन्धी तालिम संचालन गरिएको छ ।

**ङ. खानेपानी सरसफाइ तथा स्वच्छता**

२५. चालु आर्थिक वर्षमा आठविसकोट नगरपालिका र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको साझेदारीमा सुरक्षित खानेपानीसम्बन्धी **"सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) आयोजना"** अन्तर्गत **"एक घर एक धारा निर्माण"** कार्य सञ्चालन गरिएको छ। यसै क्रममा नगरपालिकाको वडा नं. ३, ८ र ११ भित्रका ३ वटा नयाँ खानेपानी योजनाहरू मार्फत थप **८८४ घरधुरीहरू**मा खानेपानी पुर्‍याइएको छ। साथै, वडा नं. ३, ४, ७, ९, १०, १२ र १४ का ९ वटा सेवा सहायता केन्द्रहरू मार्फत पुराना खानेपानी योजनाहरूको मर्मत सम्भार गरी थप **४८८ घरधुरीहरू**लाई दिगो रूपमा सुरक्षित खानेपानीको सुनिश्चितता गरिएको छ।

२६. चालु आर्थिक वर्षमा चारवटा विद्यालयहरूमा प्रयोगमैत्री शौचालय निर्माण सम्पन्न गरी १,१८५ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई लाभान्वित गरिएको छ। वास (WASH) क्षेत्रको संस्थागत सुदृढीकरणका लागि नगरपालिकामा वास इकाइको विधिवत स्थापना हुनुका साथै कर्णाली प्रदेश जलस्रोत तथा ऊर्जा विकास खानेपानी मन्त्रालयसँग ग्रामीण खानेपानी सेवा सहायता केन्द्र स्थापनाका लागि समझदारी पत्रमा हस्ताक्षर भई कार्यान्वयनमा आएको छ। यसका साथै, सरोकारवालाहरूको क्षमता विकासका लागि ४ दर्जनभन्दा बढी तालिमहरू प्रदान गरिएको छ, जसअन्तर्गत १८ वटा पुराना खानेपानी योजनाहरूमा खानेपानी सुरक्षा योजनासम्बन्धी तालिम प्रदान गरी ३ वटा सुरक्षा प्रतिवेदन तयार गरिएको छ। हाल नगरपालिकामा २६ वटा खानेपानी उपभोक्ता समितिहरू विधिवत दर्ता भई सञ्चालनमा रहेका छन्। नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख स्थानीय तह घोषणा गर्ने अभियान अन्तर्गत वडा नं. ३ लाई **'सरसफाइ तथा स्वच्छ वडा'** घोषणा गरिसकिएको छ भने आयोजना सञ्चालन भइरहेका अन्य घरधुरीहरूमा पूर्ण सरसफाइका सूचकहरू पूरा गर्ने कार्यहरू द्रुत गतिमा अघि बढिरहेका छन्।

### च. भौतिक पूर्वाधार

२७. चालु आ.व. सम्ममा नगरपालिकाका मुख्य गाउँसम्म मोटर बाटो पुगि यातायातका साधनहरु समेत पुगीसकेको अवस्था छ। सडक सुविधा नपुगेका पाटागाउँ,हम्पा, साउनेपानी, डाँफे, पहाडाको काँडा दह,  होलीकाँडा लगाएतका मुख्य गाँउहरमा सडक सुविधा पुर्याउने प्रयास जारी छ। नगरपालिकाका छेपारे चिसापानी सिमबजार तथा छरेबगर-गोतामकोटमा पर्ने सडक संघ तथा प्रदेश सरकारको सहयोगमा कालोपत्र गर्ने काम भएको छ। भेरी नदीपुल, नरखोला मोटरपुल, छरेबगरमा बेलिबृज पुल निर्माण गरि सवारी आवागमन सहज बनाइएको छ। यस वर्ष १ नं वडालाई नगरपालिकाको केन्द्रमा जोड्ने गरी खारा-ओख्ले सडकको निर्माण कार्य सम्पन्न भएको छ। नदुवा-साझेबगर, दाँजे-खदि-बारिङ्गे सडक तथा छरेबगर-त्रिवेणी सडकको ट्रयाक ओपन तथा स्तरोन्नतीका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा आवश्यक बजेट व्यवस्था भई ठेक्का व्यवस्थापन भएको छ।

२८. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत ६ कि. मि. सडक स्तरोन्ती, एउटा सिंचाई आयोजना, ट्रस पुल, खानेपानी आयोजना  सम्पन्न भएको छ।

२९. यस आ.व.सम्म १२ वटा झोलुंगे पुल, ७ वटा ट्रस पुल र ६ वटा आर.सी.सी. पुल गरि जम्मा २५ वटा पुल निर्माण सम्पन्न भएका छन्। यसैगरी हालसम्म नगरपालिकाको ३९७.२२ कि.मि. सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ। नगर अस्पतालको भवन निर्माण भई संचालनमा आएको छ। सामुदायिक विद्यालयका १४ वटा विद्यालयको नयाँ विद्यालय भवनको ठेक्का व्यवस्थापन भै निर्माणधिन अवस्थामा रहेकाछन्। नगरपालिकाको प्रशासकीय भवन ३, १० वडाको कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन् भने १, २, ४, ७ र १३ नं. वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरि सेवा प्रवाह सुचारु भएको छ।

३०. हाल केन्द्रिय विद्युत लाईन यस नगरपालिकाको सबै वडामा पुगिसकेको छ। वडाका प्रत्येक वस्तीमा केन्द्रिय विद्युतको प्रशारण लाइन विस्तारको काम तीव्र गतिमा अगाडि बढेको छ। विभिन्न संघसंस्थाको समन्वयमा नगरपालिका क्षेत्रभित्र रहेका लघु जलविद्युत आयोजनाको मर्मतसम्भार गरि सञ्चालनमा ल्याइएको छ।

३१. नगरपालिका स्थापनाको सुरुवातमा फोन सम्पर्क पनि मुस्किलले हुने यस नगरपालिकाको सबै वडा कार्यालयहरुमा फाइवर इन्टरनेट सेवा पुऱ्याइएको छ। नगरपालिकाको सबै वडाहरुमा सहज सञ्चार सुविधा पुऱ्याउन टेलिफोन सेवाका टावरहरु स्थापना गरिएको फाइबर इन्टरनेट सेवाको समेत विस्तार भएको छ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

**अब म, आठविसकोट नगरपालिकाको विद्यमान अवस्थाको यथार्थ अवस्था प्रस्तुत गर्दछु:**

३२. यस नगरपालिकाले रुकुम (पश्चिम) जिल्लाको कुल भू-भागको करिब ४६ प्रतिशत हिस्सा ओगटेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकाको औसत जनघनत्व ६९ जना प्रति वर्ग किलोमिटर रहेको छ, जुन कर्णाली प्रदेशको औसत जनघनत्वकै हाराहारीमा देखिन्छ।

३३. यस नगरपालिकाका करिब ४० प्रतिशत नगरवासीहरू अझै पनि गरिबीको रेखामुनि रहेका छन्। जुन दर कर्णाली प्रदेशकै औसत अवस्थाको हाराहारीमा छ। आर्थिक पछौटेपनका साथै नगरपालिकामा गरिबी, कुपोषण, बेरोजगारी, लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक विभेद एवं जातीय छुवाछुत जस्ता गम्भीर सामाजिक समस्याहरू अझै पनि चुनौतीपूर्ण रूपमा विद्यमान रहेका छन्।

३४. भौगोलिक रूपमा कर्णाली प्रदेशकै विशालतम आयाम बोकेको यस नगरपालिका अनुपम भौगोलिक तथा अद्वितीय जैविक विविधताले सुसज्जित छ। यहाँ अथाह जलस्रोत, सघन वन सम्पदा र बहुमूल्य जडीबुटीहरू प्रशस्त मात्रामा उपलब्ध छन्। यी प्राकृतिक स्रोत-साधनहरूको दिगो, समुचित र योजनाबद्ध उपयोगमार्फत नगरमा समाजवाद उन्मुख समृद्धिको आधारशिला निर्माण गर्ने प्रचुर सम्भावना विद्यमान छ। साथै, व्यावसायिक फलफूल खेती र आधुनिक पशुपालनको विशिष्ट सम्भावनालाई उजागर गर्दै नगरको अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ अगाडि बढाउने प्रचुर सम्भावना छ।

३५. मानव विकास सूचकाङ्कको दृष्टिकोणले यस नगरपालिकाको अवस्था अझै पनि चुनौतीपूर्ण र तुलनात्मक रूपमा पछाडि परेको छ। नगरको समग्र उत्पादकत्व, पुँजीगत बचत, औसत आयु, प्रतिव्यक्ति आय र साक्षरता प्रतिशत लगायतका प्रमुख मानव विकासका सूचकहरू राष्ट्रिय औसतभन्दा न्यून रहेका छन्। यसमाथि, यहाँको विकट भौगोलिक अवस्थितिले गर्दा मानव विकासका सूचकहरूमा अपेक्षित सुधार ल्याउन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन थप संरचनात्मक कठिनाइहरू व्यहोर्नुपरेको छ।

३६. भौगोलिक विकटता र सीमित साधन-स्रोतका बीच असीमित जनअपेक्षाहरू पूरा गर्ने कार्य चुनौतीपूर्ण निश्चित छ। तथापि, जनताको अटुट एकता, श्रम, उत्पादन र साझा संकल्पको नेतृत्व गर्दै नगरपालिकाको आर्थिक रूपान्तरण सुनिश्चित गर्न सकिने आधारहरू प्रशस्त छन्। सामूहिकता र उच्च मनोबलको जगमा उभिएर यस नगरपालिकालाई आर्थिक समृद्धितर्फ डोऱ्याउँदै समाजवाद उन्मुख समाजको निर्माण गर्न सकिने विश्वास मैले लिएको छु।

**सभाअध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य उद्देश्यहरु प्रस्तुत गर्दछु:**

३७. आर्थिक समृद्धि सहितको समाजवाद उन्मुख आर्थिक तथा सामाजिक क्रियाकलाप मार्फत समाजवादको आधार खडा गर्ने यस बजेटका मुख्य लक्ष्य हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरेको छु:

क. विस्तृत क्षति आकलन (DDA) का आधारमा जाजरकोट भूकम्पबाट क्षतिग्रस्त भएका सार्वजनिक तथा निजी भौतिक संरचनाहरूको तीव्र एवं सुरक्षित पुनर्निर्माण र पुनर्स्थापना गर्ने,

ख. परम्परागत कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा खाद्यान्न एवं उच्च मूल्ययुक्त फलफूलमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्ने,

ग. शिक्षा प्रणालीमा गुणात्मक र संरचनात्मक सुधार गरी नवप्रवर्तनकारी, प्राविधिक, उत्पादनशील एवं सु-संस्कारयुक्त दक्ष नागरिक निर्माण गर्ने,

घ. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रविधिमैत्री, भरपर्दो र सर्वसुलभ बनाई नागरिकको गुणस्तरीय जीवन र स्वास्थ्य सुरक्षाको ग्यारेन्टी गर्ने,

ङ. कृषि, उद्योग, खनिज, वन तथा वातावरण लगायतका क्षेत्रको वैज्ञानिक परिचालन र बजारीकरण गरी खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्नुका साथै स्थानीय स्तरमै व्यापक रोजगारी सिर्जना गरी नागरिकको आयआर्जनमा वृद्धि गर्ने,

च. युवा जनशक्तिलाई सिर्जनशील, उत्पादनमुखी र उद्यमशील बनाउन युवाहरूमा बढ्दो लागू पदार्थ दुर्व्यसनी र कुलतको पूर्ण अन्त्य गर्दै उनीहरूको ऊर्जालाई नगर विकासमा केन्द्रित गर्ने,

छ. नगरको ऐतिहासिक पहिचान, गौरव र परम्परागत कला-संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै यसलाई आन्तरिक पर्यटन र समृद्धिको बलियो आधार बनाउने,

ज. सार्वजनिक यातायात र सडक सञ्जालको सुदृढ व्यवस्थापन गरी नागरिकको आवतजावत तथा आर्थिक-सामाजिक गतिविधिलाई सहज, सुरक्षित र तीव्र बनाउने,

झ. संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा सुधार गर्ने।

बजेटका यी उल्लेखित उद्देश्यहरू हासिल गर्न मैले यस वर्ष जाजरकोट भूकम्पपछिको सुरक्षित पुनर्निर्माण र पुनर्स्थापना, कृषि तथा पशुपालनको व्यवसायीकरण, व्यावहारिक एवं गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, नवप्रवर्तनकारी सीप विकास र दिगो रोजगारी सिर्जनालाई मुख्य प्राथमिकतामा राखेको छु। साथै, नगरपालिकाको सेवा प्रवाहलाई छरितो र प्रविधिमैत्री बनाउन सूचना तथा सञ्चार क्षेत्रको आधुनिकिकरण गर्दै स्थानीय तहको कार्यप्रणाली र अध्ययन-अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता (AI) जस्ता नवीन प्रविधिको उच्चतम उपयोगलाई यस वर्षको नीतिगत आधारस्तम्भ निर्धारण गरेको छु।

**सभाअध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

**माथि उल्लिखित उद्देश्य र प्राथमिकताहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिम क्षेत्रगत वजेट विनियोजन गरेको छु।**

**(क) कृषि तथा पशुपालन**

३७. आठविसकोट नगरपालिकाले परम्परागत एवं निर्वाहमूखी कृषिलाई आधुनिक, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै कृषि यान्त्रिकीकरण, उत्पादनमा वृद्धि, र उत्पादित सामग्रीको बजारीकरण प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज सङ्कलन गरी हप्ताको एकपटक राडिबजारमा "**हाटबजार**" सञ्चालन गरिनेछ। कृषि क्षेत्रमा संलग्न उत्कृष्ट कृषक, समूह र सहकारीहरूलाई प्रोत्साहित गर्न "**नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार**" प्रदान गरिनेछ भने उत्पादन लागत घटाउन उन्नत बीउबिजन, फलफूलका बिरुवा, र प्राङ्गारिक मल वितरणमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ। साथै, यसै रकमबाट पशुपालन पकेट क्षेत्रहरू स्थापना गरी खसी–बोका, लोकल कुखुरा र दुग्धजन्य वस्तुको उत्पादनमा वृद्धि गरिनेछ

तथा पशुपन्छीमा फैलिने महामारी रोगहरूको द्रुत नियन्त्रण र उपचारका लागि आवश्यक औषधी खरिद लगायतका आकस्मिक सेवाका कार्यहरू सञ्चालन गर्न **रु. ९० लाख** विनियोजन गरेको छ ।

**(ख)शिक्षा,युवा तथा खेलकुद**

३८. हाम्रो नगरपालिकाको समग्र शैक्षिक सुधार, प्रविधिमैत्री सिकाइ र संस्थागत सुशासनका लागि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूको द्रुत पुनर्निर्माण गर्दै **'हरित विद्यालय'** र **'जङ्क फुड निषेध'** अभियान सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट र ICT ल्याबको स्थापना गर्नुका साथै आधुनिक युगको माग अनुसार कृत्रिम बुद्धिमत्ता (AI) र डिजिटल शिक्षण सामग्रीको उपयोगलाई प्रोत्साहन गरिनेछ । विपन्न, दलित तथा फरक क्षमता भएका विद्यार्थीका लागि निःशुल्क आवासीय सुविधा र छात्रवृत्ति सुनिश्चित गर्न **'नगर प्रमुख विद्यार्थी सहायता कोष'** र **'नगर उपप्रमुखसँग गरिब र विपन्न विद्यार्थी कार्यक्रम'** सञ्चालन गरिनेछ । माध्यमिक विद्यालयहरूमा 'पढ्दै कमाउँदै कार्यक्रम' र स्थानीय रैथाने बालीमा आधारित दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यी सम्पूर्ण कार्यक्रमहरू लगायत शिक्षक-कर्मचारीको तलब-भत्ता, क्षमता विकास तालिम, प्रयोगशाला व्यवस्थापन तथा छात्रवृत्ति समेत कार्यान्वयन गर्नका लागि रु. २३ करोड ३० लाख विनियोजन गरेको छ ।

**(ग) स्वास्थ्य, खानेपानी तथा सरसफाई**

६५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई उपचारात्मक सेवा शुल्कमा ५०% छुट, विपन्न, सहिद, बेपत्ता र खेलाडी परिवारको निःशुल्क स्वास्थ्य बिमा, गर्भवती र सुत्केरीका लागि नगर अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा, स्वास्थ्य क्षेत्रको डिजिटलाइजेसन सहित औषधि एवं स्वास्थ्य उपकरण खरिद गरिनेछ ।

संघ, प्रदेश, र SUSWA/शान्ति नेपाल जस्ता संस्थाहरूसँगको साझेदारीमा स्वीकृत "वास योजना (WASH Plan)" अनुरूप "**एक घर एक धारा अभियान**" विस्तार, जिर्ण आयोजनाहरूको पुनःसंरचना, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, ल्याण्डफिल्ड साइट निर्माण गरिने छ । साथै आगामी वर्षभित्र विभिन्न वडाहरुलाई पूर्ण सरसफाई घोषणा गर्ने सम्बन्धी सम्पूर्ण स्वच्छता प्रवर्द्धन कार्यक्रमका लागि कुल **रु. ११ करोड ९० लाख ६६ हजार** विनियोजन गरिएको छ ।

**(घ) पूर्वाधार तथा सहरी विकास**

३९. नगरपालिकाको यातायात गुरुयोजना (MTMP) अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउन र निर्माण भएका सडकहरुको लगत कट्टा गर्ने व्यवस्था मिलाएको छ । नगरपालिकाको विभिन्न वडाहरुमा नयाँ सडक निर्माण गर्न, निर्माण भएका सडक १२ महिना सञ्चालन गर्न, सहरी पूर्वाधार निर्माण कार्य संचालनका लागि आवश्यक व्यवस्था मिलाएको छ । नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्न, वडा नं ४,६,८ र १४ का वडा कार्यालयको भवन निर्माण, आवश्यक सार्वजनिक निर्माण लगायतका पूर्वाधार निर्माण कार्य गर्न रु.१४ करोड ९९ लाख विनियोजन गरेको छ ।

**(ङ) सामाजिक न्याय तथा लैङ्गिक समावेशीकरण**

४०. बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, जातीय छुवाछुत, विभेद एवं अन्य सामाजिक कुरीतिहरू समूल अन्त्य गर्न वडा तथा टोल स्तरमा सघन जनचेतनामूलक कार्यक्रमहरू गर्ने तथा विपन्न गरिब तथा जेहन्दार विद्यार्थीका लागि **"नगर उपप्रमुखसँग गरिब र विपन्न विद्यार्थी कार्यक्रम"** सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छ, ज्येष्ठ नागरिकहरुमा रहेको सीप संरक्षणका लागि **"अन्तरपुस्ता सीप हस्तान्तरण"** कार्यक्रम सञ्चालन गर्न, सामाजिक सुरक्षा प्राप्त गर्ने जेष्ठ नागरिकलाई घरबाटै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन, महिला बालबालिकाको क्षेत्रसँग सम्बन्धित सामाजिक समावेशीकरणका क्रियाकलाप सञ्चालन गर्न रु. ३८ लाख विनियोजन गरेको छ ।

**(च) सहकारी, उद्धमशीलता र रोजगार**

वैदेशिक रोजगारीबाट फर्केका नागरिक, युवा, महिला, विपन्न र सीमान्तकृत समुदायलाई लक्षित गरी "**नगर प्रमुखसँग युवा स्वरोजगार कार्यक्रम**" मार्फत बजारको माग र स्थानीय आवश्यकताका आधारमा व्यावसायिक सीपमूलक तालिम प्रदान गरिनेछ। स्थानीय स्रोत-साधनमा आधारित उत्पादनमूलक उद्योगको स्थापना, लघु उद्यमको क्षमता विकासका लागि प्रविधिमा अनुदान, र "एक वडा एक विशेष उद्योग" जस्ता अवधारणालाई पूर्वाधारसहित अगाडि बढाउन आवश्यक व्यवस्था गरेको छु । साथै, आठविसकोट नगरपालिका भित्रका उद्योगहरूको अनुगमन, सहकारीको व्यवस्थापन, पुनर्निर्माणमा आधारित सीप विकास, र गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई निरन्तरता दिन रु. ४० लाख ४४ हजार

**(छ) धर्म, संस्कृति तथा पर्यटन**

४१. झारमारे, सम्पेताल, साइकुमारी, काँडा दह, मैडाडा, बन्चरे, लामकाने गुफा र साततले गुफा लगायतका क्षेत्रको पर्यटकीय विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य गर्न आवश्यक व्यवस्था मिलाएको छु । **'सांस्कृतिक नगरप्रमुख सम्मेलन**' संग सम्बन्धित परम्परागत संस्कृतिहरूको जगेर्ना र पुस्तान्तरण गर्न प्राकृतिक, साँस्कृतिक, योग/ध्यान मार्फत सकारात्मक सोंचको अभिवृद्धि गरी नगरपालिका क्षेत्रमा पर्यटन पूर्वाधार विकास तथा विस्तार गर्न रु.४५ लाख विनियोजन गरेको छु ।

**(ज) सूचना तथा प्रविधि**

सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउन आगामी आर्थिक वर्षका लागि विशेष प्रविधिमैत्री डिजिटल गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ, जसका लागि नगरपालिका मातहतका कार्यालयहरूमा डिजिटल हाजिरी, वेबसाइट निर्माण, डिजिटल नागरिक वडापत्र र नगर प्रोफाइलको व्यवस्था गरिनेछ । साथै, डीज्यूला बजार क्षेत्र लगायत मुख्य बजार तथा घना बस्तीहरूमा सुरक्षालाई ध्यानमा राखी सीसीटीभी (CCTV) जडान, सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिलाई नवप्रवर्तनमा आधारित प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न आवश्य व्यवस्था मिलाएको छु । यी सम्पूर्ण डिजिटल रूपान्तरणका योजनाहरूलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि मैले कुल **रु. २८ लाख** बजेट विनियोजन गरेको छु ।

**(झ) न्यायिक कार्य**

सबै वडाका मेलमिलाप केन्द्रहरूको सञ्चालनलाई थप सुदृढ र प्रभावकारी बनाउँदै न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । साथै 'कानुनको नजरमा सबै समान छन्' भन्ने सर्वव्यापी मान्यतालाई आत्मसात् गर्दै लैङ्गिक समानता, जातीय विविधता र सीमान्तकृत एवं कमजोर वर्गको न्यायमा सहज पहुँच सुनिश्चित गर्न तथा नागरिकस्तरमा कानुनी साक्षरता प्रवर्द्धन गर्नका लागि स्थानीय समुदाय केन्द्रित न्यायिक चेतना अभिवृद्धि सम्बन्धी सघन कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइएको छु ।

**(ञ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

४२. नगरपालिकाको विपद जोखिम नक्साङ्कन, विपद व्यवस्थापन एवम् खोज तथा उद्दारका लागि स्थानीय विपद तथा जलवायू उत्थानशील योजना, आपतकालिन कार्य सञ्चालन केन्द्रको क्षमता विकास, जोखिम न्यूनिकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुन:स्थापना जस्ता कार्यहरु गर्न रु. ९२ लाख  हजार विनियोजन गरेको छु ।

**(ट) सेवा प्रवाह कार्यालय संचालन तथा सुशासनर संस्थागत विकास**

नगरपालिकाको सार्वजनिक प्रशासनलाई थप व्यावसायिक, सुशासनमैत्री र समृद्धिको संवाहक बनाउन कर्मचारीहरूको तलब, भत्ता, तथा सामाजिक सुरक्षा कोषको सुव्यवस्थित प्रबन्ध मिलाइएको छु । कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि, नवप्रवर्तन र प्रविधि साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न,

कर्मचारीहरूको मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनयापनका लागि तनाव व्यवस्थापन र योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै, सामाजिक सुरक्षाकोष लगाएका कार्यक्रम समेत लाई निरन्तरता दिन रु. १६ करोड ६२ लाख २७ हजार विनियोजन गरेको छ ।

**(ठ) समन्वय तथा सहकार्य**

४३. सामाजिक र भौतिक विकासमा टेवा पुग्ने गरी यस नगरपालिकामा कार्यक्षेत्र बनाएका गैर सरकारी संस्थाहरु र संघ, प्रदेश सरकारका कार्यालयहरुसँग काममा दोहोरो नपर्नेगरी सार्वजनिक विकास निर्माण कार्य गर्न रु. १ करोड ५ लाख रकम विनियोजन गरेको छ ।

**(ड) वडागत विनियोजनः**

संघीय लोकतान्त्रिक गणतन्त्रको जग तथा नागरिकको सबैभन्दा नजिकको जनसरकारका रूपमा रहेका वडाहरूको भूमिकालाई सुदृढ गर्न वडास्तरीय योजनाहरूलाई प्राथमिकता दिइएको छ । स्थानीय आवश्यकताका आधारमा सन्तुलित पूर्वाधार विकास, सेवा प्रवाहमा सहजता र लक्षित कार्यक्रमहरू तल्लो तहसम्मै सञ्चालन गर्नका लागि वस्तुनिष्ठ ढंगले वडागत बजेट विनियोजनको नीति अवलम्बन गरिएको छ । यसै क्रममा, वडा तहबाटै विकासको प्रतिफल सुनिश्चित गर्न र स्थानीय योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि यस आर्थिक वर्षमा वडागत रूपमा कुल **रु. ४ करोड** बजेट विनियोजन गरेको छ ।

**(ढ) क्रमागत आयोजनाको भुक्तानी :**

संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण हुने सशर्त, समपूरक अनुदानका रकमहरू समय मै प्राप्त हुन नसकी दायित्व बाँकी रहेका, अधुरा तथा क्रमागत रूपमा सञ्चालित गौरवका आयोजनाहरूलाई स्रोतको अभाव हुन नदिई समयमै सम्पन्न गर्नु हाम्रो प्राथमिक दायित्व हो । यस नगरपालिकाका क्रमागत आयोजनाहरुको पूर्णता दिन तथा अत्यावश्यक सार्वजनिक निर्माणका कार्यहरू समेत सम्पन्न गर्नका लागि **रु. २ करोड ४५ लाख** विनियोजन गरेको छ ।

**सभा अध्यक्ष महोदय,**

४४. अब म, माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको विनियोजन र स्रोत व्यवस्थाको अनुमान सम्बन्धी योजना पेश गर्दछु।

४५. आगामी आर्थिक वर्षको लागि नगरपालिका संचित कोष मार्फत **रू. ७१ करोड ३७ लाख ४७ हजार** मात्र विनियोजन गरेको छ । कुल विनियोजन मध्ये **चालुतर्फ ४६ करोड ३३ लाख ७४ हजार** मात्र अर्थात **६४.९२ प्रतिशत** र पुँजीगततर्फ **२५ करोड ३ लाख ७३ हजार** अर्थात **३५.०८ प्रतिशत** रहेको छ ।

४६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरु मध्ये आन्तरिक राजश्व, नगर अपस्तालको आय र अल्याबाट **रू. ५ करोड ५६ लाख** अर्थात ७.७९ **प्रतिशत**, स्थानीय तह राजश्व बाँडफाँड (घर जग्गा रजिष्ट्रेसन शुल्क) बाट रु. ९० लाख अर्थात १.२६ प्रतिशत, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रू. १२ करोड ५६ लाख** अर्थात् **१७.६० प्रतिशत**, संघीय सःशर्त अनुदानबाट (चालु) रू.**२६ करोड २५** लाख अर्थात् **३६.७८** प्रतिशत, संघीय सःशर्त अनुदानबाट (पूँजीगत) **रू. १ करोड ६९ लाख** अर्थात **२.३७ प्रतिशत**, संघीय सरकार राजश्व वाँडफाँटबाट **रु १३ करोड २२ लाख ९८ हजार रुपैंया** अर्थात् **१८.५४ प्रतिशत**, संघीय समपूरक अनुदानबाट **रु. २ करोड ९ लाख** अर्थात् **२.९३ प्रतिशत**, संघीय विशेष अनुदानबाट **रु.२ करोड ५० लाख** अर्थात् **३.५० प्रतिशत**, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान **रु १ करोड ५५ लाख १७ हजार** अर्थात **२.१७ प्रतिशत**, प्रदेश राजश्व वाँडफाँटबाट **रु २९ लाख ६६ हजार रुपैया** मात्र **अर्थात्** ०.४२ प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट (चालु) **रु २९ लाख ६६ हजार अर्थात्**०.४२ प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट (पुँजीगत) **रु. २ करोड ७५ लाख अर्थात् ३.८५** प्रतिशत, प्रदेश सरकार समपूरक अनुदानबाट (पुँजिगत) **१ करोडर २० लाख** अर्थात् **१.६८ प्रतिशत, प्रदेश सरकार विशेष**

**अनुदान (चालू) रु. ५० लाख** अर्थात ०.७० प्रतिशत खर्च व्यहोर्ने प्रक्षेपण गरेको छु । अन्तर अख्तियारी तथा संघ संस्थाबाट **रु. ७ करोड ८८ लाख खर्च हुने व्यवस्था मिलाएको छु । कार्यक्रम तथा शिर्षकगत रुपमा विनियोजित बजेट अनुसुची उल्लेख गरिएको छ ।**

**सभा अध्यक्ष महोदय,**

४७. आर्थिक वर्ष २०८३/०८४ का लागि आन्तरिक राजश्व परिचालन गर्न निम्नानुसारका कार्य गरिने छन् :–

४८. यस नगरपालिकाको भू-उपयोग नीति अनुसार नगरपालिका क्षेत्रका घर जग्गाहरुको भू-उपयोग क्षेत्र वर्गीकरण गरिए अनुसार विगतमा यस नगरपालिकाबाट कायम गरिएको घरजग्गाको मूल्याङ्कन परिमार्जन गरि लागू गरिनेछ ।

४९. नगरपालिका क्षेत्रमा आन्तरिक राजस्व संकलनका लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोग कडाइका साथ कार्यान्वयन गरिनेछ । नगदि रसिदलाई प्रविधिको प्रयोग गरि प्रतिस्थापका लागि आवश्यक पहल गरिने छ । करदता सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५०. नगरपालिका क्षेत्रमा रहेका खोला, नदी तथा खानीहरुबाट संकलन गरिने ढुङ्गा, गिट्टी तथा वालुवामा लाग्ने दहत्तर/ बहत्तर कर संकलन कार्यलाई कडाइका साथ लागू गरिनेछ ।

५१. राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछन्:-

(क) राजश्व व्यवस्थापन सूचना प्रणालीलाई कडाइका साथ लागू गरि अनलाईन मार्फत मात्र राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

(ख) यसका लागि नेपाल सरकार महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएको सुत्र ( SuTRA)को राजश्व मोडल प्रयोग गरी नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट राजश्व संकलन गर्ने व्यवस्था मिलाइने छ ।

(ग) करदाता पोर्टलको व्यापक प्रचारप्रसार गरि घरैबाट राजस्व तिर्ने व्यवस्था मिलाईने छ । करदाताले मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंक, QR कोड तथा विभिन्न वैधानिक वालेटहरु बाट पनि कर तिर्ने, दाखिला गर्न सक्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ ।

(घ) सार्वजनिक सेवा र राजश्वविचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य ठहरिने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

(ङ) करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिने छ । करदाताहरुसँग अन्तरक्रिया तथा करदाता सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

५२. **अन्त्यमा,** यो बजेट तथा कार्यक्रम निर्माण गर्न मार्गदर्शन गरि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श गर्नुहुने अग्रज व्यक्तित्वहरु, नगर कार्यपालिका र नगरसभाका अध्यक्ष तथा सदस्यहरु, सबै राजनैतिक दल एवम् तिनका भातृ सङ्गठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धिजिविहरु, सुरक्षाकर्मीहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु । नगरपालिकाको समृद्धि, विकास र उन्नतिमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोगहुनेछ भन्ने अपेक्षा गर्दछु।

मिति : २०८३/०३/१० गते

---------------- धन्यवाद -------------